# वार्तालापपूर्ण पढाइ (Dialogic Reading): पुस्तकहरूका विषयमा कुराकानी गर्नु

**लेखक** जेसिका सिड्लर फोल्सोम (Jessica Sidler Folsom), पिएच.डि.
सहायक सर्वेक्षण वैज्ञानिक, आयोवा रिडिङ रिसर्च सेन्टर

बालबालिकाहरूलाई पढेर सुनाउनुको महत्त्वलाई परिवार तथा शिक्षकहरू सबैले विश्वव्यापी रूपमा स्वीकार गर्छन्। बाल चिकित्सकहरू र अस्पतालहरूले समेत यस कार्यलाई प्रोत्साहित गर्छन्। तैपनि, यो सुत्नुभन्दा पहिले वा खाना खानुभन्दा पहिले गर्नुपर्ने एउटा क्रियाकलाप मात्रै होइन तर यसको ठूलो शैक्षिक महत्त्व हुन्छ।

पुस्तक ताकबाट एउटा पुस्तक निकालेर, यसलाई पढी पुस्तक छनौट गर्ने कार्यमा वा कथा पढ्नुको उद्देश्यमा त्यति ध्यान नदिइकन, सायद कथाको अन्त्यमा प्रश्न सोध्ने जस्ता क्रियाकलाप गर्नु सजिलै हुन्छ। यो बच्चालाई मन पर्ने कथा हुनसक्छ वा उपलब्ध समयको निम्ति पुग्दो हुने उचित लम्बाइको कथा हुनसक्छ। हुनसक्छ यो कक्षाको साप्ताहिक विषयसँग मिल्नसक्छ। तैपनि, यिनीहरू सबै वयस्कद्वारा निर्देशित उदाहरणहरू हुन्। वयस्कले पुस्तक छनौट गर्छ, कथा पढ्छ, र प्रश्नहरू सोध्छ वा छलफललाई अगाडि बढाउँछ।

यसभन्दा अझै संलग्नतापूर्ण र प्रभावकारी विकल्प भनेको कुराकानी सहित गरिने पढाइ वा वार्तालापपूर्ण पढाइ हो। वार्तालापपूर्ण पढाइ भनेको वयस्क र बच्चाले आफूले पढिरहेको कथामा वार्तालाप गर्नु हो। उनीहरूका कुराकानीमा नयाँ शब्दको परिभाषा दिनु, मौखिक उच्चारणको गतीलाई बढाउनु, कथाका भागहरूलाई परिचित गर्नु, र वृत्तान्त सीपहरूको विकास गर्ने जस्ता कार्यहरू पर्दछन्।

सर्वेक्षणले के देखाएको छ भने जब आमाबाबु वा अभिभावक र शिक्षकहरूले वार्तालापपूर्ण फढाइलाई उपयुक्त रूपमा योजना गरी त्यसलाई लागू गर्छन् तब यसले मूद्रण सचेतता, मौखिक भाषा, र बुझाइलाई सुधार गर्ने कार्यमा यो प्रभावकारी हुन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने, यसले पाठकहरूलाई तिनीहरूले पढिरहेको कुराको बारेमा कति राम्ररी विचार गर्छन् सो कुरालाई आदर्श गर्नको लागि सहयोग गर्छ। वार्तालापपूर्ण पढाइका फाइदाहरू स-साना बालबच्चाको लागि मात्रै होइनन्। यो अवधारणाको सुरुवात प्रिस्कूलरहरूका (Whitehurst et al., 1988) लागि चित्र पुस्तक पढ्ने कार्यबाट भएको भए तापनि, सर्वेक्षणको एउटा भागले यसको प्रयोगलाई शारीरिक दुर्बलता भएका विद्यार्थीहरू (What Works Clearinghouse, 2010), पढाइमा समस्या भएका पाठकहरू (Swanson et al., 2011), र अंग्रेजी भाषा सिक्नेहरू (Brannon & Dauksas, 2014) लगायतका अन्य उमेरका मानिसहरू विस्तृत गरेको छ।

## वार्तालापपूर्ण पढाइ (Dialogic Reading) मा विभिन्न स्तरका प्रश्नहरू

वार्तालापपूर्ण पढाइको एउटा परम्परागत प्रयोगमा उही पुस्तकलाई दोहोऱ्याइ-दोहोऱ्याइ पढ्ने र तीन स्तरका प्रश्नहरूमा कुराकानी गर्ने कार्य पर्दछ (Flynn, 2011)।

- **स्तर 1** प्रश्नहरू पुस्तकमा तुरुन्तै देखिने (वा पढिने) कुराहरू के हुन् सो कुरामा केन्द्रित आधारभूत "डब्लूएच" प्रकारका प्रश्नहरू हुन्। स्तर 1 मा नयाँ शब्दहरूलाई परिचित गर्ने कार्य पनि पर्दछ। उदाहरणको


©IOWA READING RESEARCH CENTER 2017 | 1

लागि, चित्रमा देखाउँदै, वयस्क पाठकले यो प्रश्न गर्न सक्छ, “यो जनावरको खुट्टा कुन प्रकारको छ?” यहाँ वयस्कले बच्चाको मौखिक शब्दभण्डारलाई विस्तार गर्नको लागि बच्चाबाट निश्चित र सही प्रतिक्रिया खोजिरहेको हुन्छ।

- **स्तर 2** प्रश्नहरू खुला-छलफलमा आधारित प्रश्नहरू हुन् र यसलाई बच्चाको प्रतिक्रियालाई व्यक्त गर्नको लागि प्रयोग गरिन्छ। उदाहरणको लागि, वयस्क पाठकले प्रश्न गर्न सक्छ, “कथाको यो भागमा के भइरहेको छ?” यहाँ वयस्कले बच्चालाई उसले के विचार गरिरहेको छ सो कुरा व्यक्त गर्न र पुस्तकबाट अर्थ निकाल्नको लागि प्रोत्साहन गरिरहेको हुन्छ।
- **स्तर 3** प्रश्नहरू अलिक वृहत प्रश्नहरू हुन् र खण्डका विशेषताहरू र कथाका भागहरू जस्ता अवधारणालाई परिचित गर्छ। उदाहरणको लागि, वयस्क पाठकले प्रश्न गर्न सक्छ, “मूख्य चरित्र को थियो र उसले कस्तो अनुभव गर्‍यो?” यसमा विद्यार्थीलाई पुस्तकबाट अलग गरी उक्त कथालाई आफ्नो जीवनसँग सम्बन्धित गर्ने किसिमका प्रश्नहरू समावेश हुनसक्छन्। उदाहरणको लागि, “यदि तिमीलाई त्यस्तो भयो भने तिमी के गर्नेथियौ?”

## वार्तालापपूर्ण पढाइ (Dialogic Reading) लाई प्रयोग गर्ने सही तरिकाहरू र गलत तरिकाहरू रहेका भिन्नताहरू

### वार्तालापपूर्ण पढाइ . . .

- "शिक्षकले पढ्ने, विद्यार्थीले सुन्ने" **कार्य होइन**
- शिक्षकले नेतृत्व गर्ने **कार्य होइन**
- अन्तिममा प्रश्नहरू र छलफलहरू सहित कथाको वृत्तान्त बताउने **कार्यमा मात्र सीमित छैन**
- स-साना बालबच्चाको लागि **मात्र होइन**

### वार्तालापपूर्ण पढाइ . . .

- वार्तालापपूर्ण कार्य **हो**
- विद्यार्थी केन्द्रित **हो**
- वृत्तान्त र व्याख्यात्मक खण्डलाई सुरुदेखि अन्तिमसम्मै प्रश्नहरू र छलफलसहित अघि **बढाइन्छ**
- त्यस्तो कार्य हो जसको लागि विस्तारित योजनाको आवश्यकता **हुन्छ**
- सबै स्तरका विद्यार्थीहरूका लागि **हो**

वार्तालापपूर्ण पढाइ (Dialogic Reading) का तीन वटा स्तरका प्रश्नहरूलाई अघि बढाउनको लागि विभिन्न रणनीतिहरू रहेका भए पनि, सबैभन्दा चर्चित रणनीतिहरू क्राउड (CROWD) र पियर (PEER) भन्ने छोटकरी रूपहरूद्वारा चिनिन्छन्। यी दुवैलाई अघिल्लो आइआरआरसि (IRRC) ब्लग पोष्टहरूमा समावेश गरिएका छन्, र यो पोष्टमा दुई वटा रणनीतिहरूलाई विस्तारित गरिनेछ र वार्तालापपूर्ण पढाइ सम्बन्धी क्रियाकलापको योजना बनाउन सहायता गर्नको लागि अर्को स्रोत प्रदान गरिनेछ।

## क्राउड (CROWD) द्वारा विभिन्न प्रश्नहरूलाई समावेश गर्ने

गरिने प्रश्नहरूका प्रकारहरूको याद गर्नको लागि क्राउड (CROWD) को प्रयोग गरिन्छ: पूरा गर्ने (**c**ompletion), याद गर्ने (**r**ecall), खुला-छलफल (**o**pen-ended), डब्लूएच प्रश्नहरू (“**wh**” questions), र तुलना गर्न (**d**istancing)। क्राउड (CROWD) को थप कुरा क्राउड-एचएस (CROWD-HS) हो, जसलाई घर (**h**ome) र स्कूल (**s**chool) सँग सम्बन्धित तुलनात्मक प्रश्नहरू गर्न प्रोत्साहित गर्न प्रयोग गरिन्छ। यहाँ *द थ्री लिटल पिग्स* (अर्थात् तीन वटा साना सुँगुरहरू) भन्ने चर्चित कथाका उदाहरण क्राउड-एचएस (CROWD-HS) प्रश्नहरू यसप्रकार छन्।

पूरा गर्नुहोस्

(**C**ompletion) प्रश्न: "I'll huff, and I'll puff, and I'll __________ ___________ _________ ___________."

*उत्तर: Blow your house down.*

याद गर्ने (**R**ecall) प्रश्न: ठूलो खराब ब्वाँसोले भत्काउन नसकेको घर कुन हो?

*उत्तर: ईटद्वारा निर्मित घर।*

खुला-छलफल (**O**pen-ended) सम्बन्धित प्रश्न: पहिलो सुँगुरले किन परालद्वारा आफ्नो घर निर्माण गऱ्यो भन्ने तिमीलाई लाग्छ?

*उत्तर: यो निर्माण गर्नु सजिलो थियो। ऊ अल्छी थियो।*

डब्लूएच ("**W**h") प्रश्न: कुन जनावरले सुँगुरहरूको खेदो गरिरहेको थियो?
*उत्तर: ब्वाँसो।*

तुलना गर्ने (**D**istancing): ब्वाँसोले खेदो गर्दा सुँगुरहरूलाई कस्तो अनुभव भयो भन्ने तिमीलाई लाग्छ?

*उत्तर: (उत्तरहरू फरक हुनसक्छन्।) डराए, रिसाए, दुःखित भए।*

घर सम्बन्धी (**H**ome) प्रश्न: यदि तिमीले घरमा एउटा प्लेहाउस बनाउनु पऱ्यो भने तिमीले कस्तो बनाउनेथियौ?

*उत्तर: (उत्तरहरू फरक-फरक हुनसक्छन्।) ट्री हाउस, पाल, फोर्ट।*

स्कूल (**S**chool) प्रश्न: ब्वाँसो अरूलाई सताउने किसिमको थियो। उसले तीन वटा सुँगुरहरूलाई सताउँथ्यो। यदि तिमीलाई स्कूलमा कसैले सताइरहेको छ भने तिमीले के गर्नुपर्छ?

*उत्तर: (उत्तरहरू फरक-फरक हुनसक्छन्।) शिक्षकलाई भन्ने। उनीहरूलाई त्यसो नगर्न भन्ने। बेवास्ता गर्ने।*

## पियर+पिए (PEER+PA) द्वारा थप प्रश्नहरू गरी वार्तालाप गर्नु

क्राउड-एचएस (CROWD-HS) गर्नुपर्ने प्रश्नहरूका प्रकारलाई याद गर्नको लागि सहयोगी छ, तर ध्यान दिनुहोस्, मुख्य उद्देश्य भनेको एउटा शब्दद्वारा दिइने उत्तरहरूको लागि प्रश्न गर्नु होइन तर कथाको बारेमा छलफल अघि बढाउनु हो। वयस्कहरूलाई गहन प्रतिक्रिया दिनको लागि प्रोत्साहित गर्न सहयोग गर्नको लागि पियर [PEER (**p**rompt, **e**valuate, **e**xpand, and **r**epeat)] रणनीतिको प्रयोग गरिन्छ। पियर (PEER) को थप भाग पियर+पिए (PEER+PA) हो, र बच्चालाई कुराकानीमा सहभागी भएकोमा प्रशंसा गर्ने (**p**raise) र यो अर्थपूर्ण होस् भनेर बच्चालाई प्रतिक्रिया लागू गर्न (**a**pply) सहयोग गर्नको लागि यसको प्रयोग गरिन्छ। बच्चासँगको कुराकानीभरि यी कुराहरूलाई लागू गर्नुपर्छ। माथिका क्राउड-एचएस (CROWD-HS) प्रश्नहरू मध्ये एउटासँग पियर+पिए (PEER+PA) लाई प्रयोग गरिएको एउटा उदाहरण यसप्रकार छ:

पुस्तकको बारेमा केही कुरा बताउन बच्चालाई प्रश्न (**P**rompt) गर्नुहोस्।

> वयस्क: कस्तो प्रकारको जनावर तीन वटा साना सुँगुरहरूको खेदोमा लागेको थियो?
> *बच्चा: ब्वाँसो.*

बच्चाको प्रतिक्रियालाई मूल्याङ्कन (**E**valuate) गर्नुहोस्।

> वयस्कले आफै विचार गर्छ, "हो, ब्वाँसो हो, तर त्यस प्रतिक्रियामा हामी अरू कुरा थप्न सक्छौं।"

बच्चाको प्रतिक्रियालाई विस्तारित गर्नुहोस् (**E**xpands) ।

वयस्क: हो, यो ठूलो, खराब ब्वाँसो थियो!

प्रश्नलाई दोहोऱ्याउनुहोस् (**R**epeat)।

वयस्क: कस्तो प्रकारको जनावर तीन वटा साना सुँगुरहरूको खेदोमा लागेको थियो?

*बच्चा: एउटा ठूलो, खराब ब्वाँसो!*

बच्चाको प्रतिक्रियालाई प्रशंसा गर्नुहोस् (**P**raise) र लागू गर्नुहोस् (**A**pply)।

वयस्क: त्यो सही हो! ठूलो खराब ब्वाँसो तीन वटा साना सुँगुरहरूको खेदोमा लागेको थियो। कथालाई याद गरेर राम्रो गऱ्यौ! यदि तिमीले एउटा ठूलो खराब ब्वाँसो देख्यौ भने कस्तो अनुभव गर्नेथियौ?

*बच्चा: (उत्तरहरू फरक-फरक हुनसक्छन्।) म डराएर भाग्नेथिएँ।*

## वार्तालापपूर्ण पढाइ (Dialogic Reading) द्वारा शब्दभण्डारण सिकाउने

वार्तालापपूर्ण पढाइको महत्त्वपूर्ण उद्देश्य भनेको विद्यार्थीहरूका भाषा क्षमता, विशेष गरी शब्दभण्डारलाई वृहत गर्नु हो भन्ने कुरालाई याद गर्नुहोस्। यसो गर्ने एउटा तरिका भनेको मुख्य शब्दहरू सिकाउनको लागि प्रि-रिडिङ क्रियाकलापहरूमा सहभागी हुनु हो। कथाको बारेमा छलफललाई अघि बढाउनको लागि गरिने प्रश्नहरूका स्तरहरू भए जस्तै, शब्दभण्डार सम्बन्धी शब्दहरूलाई तीन वटा स्तरहरूका रूपमा विचार गर्नु सजिलो हुन्छ:

- **स्तर 1** शब्दहरू आधारभूत शब्दभण्डार सम्बन्धी शब्दहरू हुन् जुन बच्चाको ग्रहणशील र व्यक्त गर्ने शब्दभण्डारहरूमा हुनुपर्छ। तीन वटा साना सुँगुरहरूका कथामा रहेका स्तर 1 शब्दहरू निम्न समावेश हुन्छन्: घर, सुँगुर, ब्वाँसो।
- **स्तर 2** शब्दहरू भाषाका परिपक्व प्रयोगकर्ताहरूमा बारम्बार देखा पर्छन्। बच्चाको ग्रहणशील र व्यक्त गरिने शब्दभण्डारहरूलाई वृहत गर्न सहयोग गर्नको लागि यी शब्दहरू सिकाइनुपर्छ। तीन वटा साना सुँगुरहरूको कथामा रहेको स्तर 2 शब्द जेठो भन्ने हो (कथाका केही संस्करणहरूले पहिलो प्रश्नलाई तीनमध्ये सबैभन्दा जेठो भनी प्रस्तुत गरिएको छ)।
- **टायर 3** शब्दहरू क्षेत्रसँग सम्बन्धित हुन्छन् र प्रसंग क्षेत्रमा वा निश्चित प्रसंगमा यसलाई राम्ररी सिक्न सकिन्छ। यी शब्दहरू तीन वटा साना सुँगुरहरूको कथा जस्ता कथाहरूमा त्यति प्रयोग हुँदैनन्। तैपनि, कथाको अझै परिष्कृत संस्करणमा तेस्रो सुँगुरले प्रयोग गरेको ईटा हाल्ने उपकारण जनाउने स्तर 3 शब्द समावेश हुनसक्छ: ईटा हाल्ने उपकरण (trowel)।

केही शब्दहरूलाई वार्तालापपूर्ण पढाइको बेला परिचित गर्न सकिए पनि, पुस्तकलाई बुझ्न सक्ने विद्यार्थीको क्षमतामा प्रभाव पार्ने कुनै पनि शब्दहरूलाई होशियारीका साथ पत्ता लगाई पहिले नै सिकाउनु महत्त्वपूर्ण छ। वयस्क पाठकले हालको कथालाई बुझ्नको लागि सहयोग गर्ने स्तर 2 शब्दहरूलाई पहिचान गर्न सक्छन् र बच्चाले अन्य परिस्थितिहरूमा नै यसलाई प्रयोग गर्ने वा पढ्ने सम्भावना हुन्छ।

हामी अहिले स्तरहरू, तहहरू, र अक्षरहरूको झोलमा पौडिरहेका छौं, अर्थात् यस्ता प्राविधिक कुराहरू गरिरहेका छौं तर पानीभन्दा बाहिर आफ्नो शिरलाई राखेजस्तै हामी यी सबै कुरालाई लागू गरेर वास्तवमा वार्तालापपूर्ण पढाइमा सहभागी हुनसक्छौं त? सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको पऱ्याप्त मात्रामा तयारी गर्नु हो! यसमा वार्तालापलाई प्रोत्साहित गर्ने उचित कथाहरू छनौट गर्ने, पहिले नै सिकाउनु पर्ने शब्दभण्डारहरूको पहिचान गर्ने, क्राउड-एचएस (CROWD-HS) प्रश्नहरूको बारेमा विचार गर्ने, र बच्चाको प्रतिक्रियाहरूको अपेक्षा गर्ने जसलाई तपाईंले वार्तालापलाई विस्तारित गर्नको लागि पियर+पिए (PEER+PA) सँग प्रयोग गर्न सक्नुहुन्छ। **तल दिइएको सहभागी मुलक पढाइ गाइड (Interactive Reading Guide)** लाई तपाईंले समावेश गर्ने शब्दभण्डार र प्रश्नहरूको योजना बनाउन सहयोग गर्नको लागि हरेक पुस्तकमा समावेश गरिनुपर्छ। प्रश्नहरूलाई अन्तिममा मात्रै होइन तर पढाइको क्रममा सुरुदेखि अन्तिमसम्म नै सोधिनुपर्छ, त्यसकारण हरेकको लागि पेज नम्बर टिपोट गर्न नबिर्सिनुहोस्! यसले तपाईंलाई वा अरू

कसैलाई वार्तालापपूर्ण पढाइ लागू गर्ने क्रममा कुराकानी सुरु गर्ने प्रश्नहरू पत्ता लगाउने कार्यलाई लागि सहज बनाउने छ।

## वार्तालापपूर्ण पढाइ (Dialogic Reading) मा समावेश गरिनुपर्ने बुकमार्क्स/बुक इन्सर्ट्स

तीन वटा सहभागी मुलक पढाइ गाइड पुस्तक डाउनलोड
चार वटा क्राउड (CROWD) बुकमार्क्सहरू डाउनलोड
चार वटा पियर (PEER) बुकमार्क्सहरू डाउनलोड

## सन्दर्भसामग्रीहरू


Brannon, D., & Dauksas, L. (2014). बढ्दो अंग्रेजी भाषा अध्ययनरत प्रिस्कूल बालबच्चाहरूको अभिव्यक्ति भाषामा वार्तालापपूर्ण पढाइको प्रभावकारिता। *प्रारम्भिक बाल्यकाल शिक्षा सम्बन्धी अन्तराष्ट्रिय सर्वेक्षण (International Research in Early Childhood Education)*, *5*, 1-10।

Flynn, K. S. (2011). वार्तालापपूर्ण पढाइद्वारा बालबालिकाहरूको मौखिक भाषाको विकास गर्ने: व्यवहारिक प्रयोगको लागि निर्देशनहरू। *अपवादपूर्ण बालबालिकाहरूलाई शिक्षा दिने (Teaching Exceptional Children)*, *44*, 8-16. doi: 10.1177/004005991104400201

Stephenson, J. (2010). संचारको लागि दृश्यात्मक चिन्हहरूको प्रयोग गर्न थालेका बालबच्चाका हकमा पुस्तक पढाइलाई एउटा हस्तक्षेपको रूपमा प्रयोग गर्ने। *विकास तथा शारीरिक दुर्बलताहरू सम्बन्धी जर्नल (Journal of Developmental and Physical Disabilities)*, *22*, 257-271. doi: 10.1007/s10882-009-9164-6

Swanson, E., Vaughn, S., Wanzek, J., Petscher, Y., Heckert, J., Cavanaugh, C., . . . Tackett, K. (2011). पढाइ समस्याको खतरामा रहेका तेस्रो स्तरहरूद्वारा प्रिस्कुलरहरूमाझ प्रारम्भिक पढाइ परिणाम सम्बन्धी मुख खोलेर पढ्ने सम्बन्धी हस्तक्षेप कार्य। *सिकाइ असक्षमता सम्बन्धी जर्नल (Journal of Learning Disabilities)*, *44*, 258-275. doi: 10.1177/0022219410378444 | Full article

वाट वर्क्स क्लियरिङहाउस (What Works Clearinghouse) (2010)। *शारीरिक दुर्बलता भएका बालबालिकाहरूका निम्ति प्रारम्भिक बाल्य शिक्षा हस्तक्षेप वाट वर्क्स क्लियरिङहाउस (What Works Clearinghouse) हस्तक्षेप रिपोर्ट: वार्तालापपूर्ण पढाइ (Dialogic reading)* / Washington, DC: Institute for Education Sciences. http://ies.ed.gov/ncee/wwc/InterventionReport/136 बाट लिइएको।

Whitehurst, G. J., Falco, F. L., Lonigan, C. J., Fischel, J. E., DeBaryshe, B. D., Valdez-Menchaca, M. C, & Caulfield, M. (1988). चित्र पुस्तक पढाइद्वारा द्रूत भाषा विकास (Accelerating language development through picture book reading)। *विकास मनोविज्ञान (Development Psychology)*, *24*, 552-559. doi: 10.1037/0012-1649.24.4.552